# कार्यविधि नं. २

मर्चवारी गाउंपालिकाका अति आवश्यक प्राविधिक पदहरु दैनिक ज्यालादारी वा करार सेवामा लिइ कार्य शुचारु गर्न आवश्यक भएकोले मर्चवारी गाउपालिकाको कार्य समिति बैठकले यो करार सेवा सम्वन्धी कार्य विधि बनाइ लागु गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस नियमावलीको नाम "मर्चवारी गाउँ पालिकाको करार सेवा सम्वन्धि कार्यविधि - २०७४" रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ

**२. परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कर्मचारी " भन्नाले गाउँ कार्यपालिका तथा वडा कार्यालयमा काम गर्न खटीएका कर्मचारी सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मर्चवारी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिका सम्झनु पर्छ ।

(ङ) " मातहतका निकाय " भन्नाले मर्चवारी गाउँ कार्यपालिका अन्तरगतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाइ तथा गाउंपालिका भित्र रहेका स्वास्थ्य सेवा,शिक्षा,कृषिसेवा,पशु सेवा, वन लगायतका विषयगत निकायहरु समेत पर्दछन् ।

(च) " करार सेवा" कुनै खास अवधिको निमित्व विशेष सेवा वा कामको लागि लिनु पर्ने सेवा र शर्त राखि गरिएको सम्झौता सम्झनु पर्दछ ।

(छ) "दैनिक ज्यालादारी" भन्नाले अति आवश्यक प्राविधिक,सरसफाई तथा सवारी चालक जस्ता काममा जिल्ला दररेटमा नबढ्ने गरी दैनकि ज्यालादारी भुक्तानी दिने गरी सेवा लिने कार्यलाइ सम्झनु पर्दछ ।

(ज) "कार्यालय समय" भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय सम्झनु पर्दछ ।

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष